# गाउँ कार्यपालिका बैठक

## बैठक संख्याः ६, मितिः २०८० पौष ४

## निर्णयहरु

**प्रस्ताव नं. १ : अघिल्लो कार्यपालिका बैठकमा निर्णय भएका विषयहरुको समिक्षा ।**

**निर्णयः** अघिल्लो कार्यपालिका बैठकमा निर्णय भएका विषयहरुको समिक्षा गरियो ।

**प्रस्ताव नं. २ : चालु आ.व. को योजना सञ्चालन सम्बन्धमा ।**

**निर्णयः** मिति २०८०/०४/१० मा पूर्वाधार विकास निर्माण कार्य टोल विकास संस्थाबाट सञ्चालन गर्ने गरी कार्यविधि स्वीकृत भएकोमा टोल विकास संस्था गठन प्रकृयालाई निरन्तरता दिँदै साविक झै उपभोक्ता समितिबाट पूर्वाधार विकास निर्माण कार्य सञ्चालन गर्न बाधा नगर्ने निर्णय गरियो।

**प्रस्ताव नं. ३ : ठेक्काको म्याद थप सम्बन्धमा ।**

**निर्णयः** बैरेनी अस्पताल (१५ शैया) निर्माण कार्य तथा गुसेश्वरी पर्यटकीय प्रवर्द्धन ठेक्काको म्याद मिति २०८० चैत्र मसान्तसम्म थप गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ४ : वडा नं. ५ मा रहेको श्री मनकामना आधारभूत विद्यालय भवनको जग्गा खरिद सम्बन्धमा ।**

**निर्णयः** वडा नं. ५ मा रहेको श्री मनकामना आधारभूत विद्यालय भवनको जग्गा खरिद गर्नको लागि जग्गा प्राप्ती ऐन, २०३४ बमोजिम यथाशिघ्र प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

**प्रस्ताव नं. ५ : मृगौला प्रत्यारोपण गरेका, डायलाइसिस गरिरहेका, क्यान्सर रोगी र मेरुदण्ड पक्षाघातका बिरामीलाई औषधि उपचार बापत खर्च उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०७८ अनुसार रकम भुक्तानी सम्बन्धमा।**

**निर्णयः** मृगौला डायलाइसिस, मृगौला प्रत्यारोपण, क्यान्सर, मेरुदण्ड पक्षघात भएका बिरामीहरुलाई मासिक रु ५००० का दरले उपलब्ध गराउने उपचार खर्च रकमको पहिलो छ महिनाको उपचार खर्च रकम स्वास्थ्य कार्यक्रम अन्तर्गत विनियोजित दलित तथा अपाङ्ग स्वास्थ्य बिमा कार्यक्रम शिर्षकमा विनियोजित बजेटबाट पछी संघबाट प्राप्त सोधभर्नाबाट समायोजन हुने गरी हाललाई भुक्तानी दिने निर्णय गरियो ।

## गाउँ कार्यपालिका बैठक

**बैठक संख्याः ६, मितिः २०८० पौष ४**

**निर्णयहरु**

**प्रस्ताव नं. ६ : प्रधानमन्त्री रोजगार कार्यक्रम स्थानीय निर्देशक समितिको मिति २०८० पौष २ गतेको निर्णय सम्बन्धमा ।**

**निर्णयः** प्रधानमन्त्री रोजगार कार्यक्रम स्थानीय निर्देशक समितिको मिति २०८० पौष २ गतेको निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो।

**प्रस्ताव नं. ७ : आर्थिक विकास समितिको मिति २०८० पौष ४ गतेको निर्णय सम्बन्धमा ।**

**निर्णयः** आर्थिक विकास समितिको मिति २०८० पौष ४ गतेको निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो।

**प्रस्ताव नं. ८ : मूल्याङ्कन कार्यविधि जानकारी सम्बन्धमा ।**

**निर्णयः** सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयद्वारा जारी स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन कार्यविधि, २०७७, स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्याङ्कन कार्यविधि, २०७७ तथा स्थानीय आर्थिक विकास मूल्याङ्कन कार्यविधि, २०७९ को आ.व. ०७९/८० को सूचकहरु मिति २०८० पुस २५ गते सम्म पुरा गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ९ : अपाङ्गता भएका व्यक्तिको परिचय पत्र वितरण कार्यविधि, २०७५ को दफा ४ संशोधन सम्बन्धमा।**

**निर्णयः** अपाङ्गता भएका व्यक्तिको परिचयपत्र वितरण कार्यविधि, २०७५ को दफा ४ मा संशोधनका लागि मिति २०८०/०८/०६ मा बसेको सामाजिक विकास समितिको बैठकको निर्णय नं. ४ मा सिफारिस गर्ने निर्णय भएको हुँदा संशोधनका लागि तयार पारिएको अपाङ्गता भएका व्यक्तिको परिचयपत्र वितरण कार्यविधि, २०७५ को देहाय बमोजिम संशोधन मस्यौदा, २०८० स्वीकृत गर्ने निर्णय गरियो ।

**अपाङ्गता भएका व्यक्तिको परिचयपत्र वितरण कार्यविधि, २०७५ लाई संशोधन गर्न बनेको मस्यौदा, २०८०**

अपाङ्गता भएका व्यक्तिको परिचय पत्र वितरण कार्यविधि, २०७५ लाई संशोधन गर्न वाञ्छनीय भएकाले अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४ को दफा ६१ ले दिएको अधिकार प्रयोग गरी गल्छी गाउँपालिकाले यो संशोधित विधेयक स्वीकृत गरी जारी गरेको छ ।दफा ४ मा संशोधनः- अपाङ्गता भएका व्यक्तिको परिचयपत्र वितरण

# गाउँ कार्यपालिका बैठक

**बैठक संख्या: ६, मितिः २०८० पौष ४**

**निर्णयहरु**

कार्यविधि, २०७५ (यसपछि मूल कार्यविधि भनिएको) दफा ४ को खण्ड ख को उपखण्ड ३ को दुवै हात कुमदेखि वा पाखुरादेखि मुनि पुरै नचल्ने वा गुमाएका, विभिन्न कारणले दुवै हात र गोडा गुमाएका वा नचल्ने, कम्मर भन्दा मुनिको भाग गुमाएका वा नचल्ने, दुवै गोडा पूर्ण क्रियाशिल नभई बैसाखीको प्रयोग गर्ने व्यक्तिहरु भन्ने शब्दहरु पछि "एउटा खुट्टा भन्दा माथि कम्मर भन्दा तलबाट काटीएका वा नभएका व्यक्तिहरु" भन्ने शब्दहरु थपिएको छ।

**प्रस्ताव नं. १० : आर्थिक सहायता सम्बन्धमा ।**

**निर्णयः** गल्छी गाउँपालिकाका तपसिल बमोजिमका व्यक्तिहरुलाई तपसिल बमोजिमको आर्थिक सहायता शिर्षक उद्दार, राहत तथा पुनर्स्थापना खर्चबाट भुक्तानी दिने निर्णय गरियो ।

**तपसिलः**

| क्र.सं. | निवेदकको नाम | वडा नं. | विवरण | रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | युवराज गुरुङ | ७ | फर्निचरमा आगलागी | २५,००० | |
| २ | बुद्दिलाल श्रेष्ठ | ७ | अटो दुर्घटना भएर टाउको फुटेर उपचाररत | २५,००० | |
| ३ | समित राई | २ | प्यारालाइसिस | २५,००० | |
| ४ | भोटे सार्की | १ | दुर्घटनामा परि उपचाररत | २०,००० | |
| ५ | प्रताप सिंह | १ | टाउकोको समस्या | २५,००० | |
| ६ | नमराज खनाल | ३ | टाउकोको समस्या | २०,००० | |
| ७ | बसन्ती तामाङ | ५ | ईञ्जिनियरिङ अध्ययनको लागि ल्यापटप खरिद | १,००,००० | |
| ८ | अर्जुन तामाङ | ५ | दुर्घटना भई पेटको शल्यक्रिया | २५,००० | |
| ९ | सृजना मोक्तान | ५ | हातको औलाहरु डढेको र उपचाररत | २०,००० | |
| १० | कपिन्द्र बहादुर खतिवडा | ३ | मुटु रोग उपचार | २०,००० | |
| ११ | नारायण सिग्देल | ३ | दृष्टिविहिन अपाङ्गता | २०,००० | |

# गाउँ कार्यपालिका बैठक

## बैठक संख्याः ६, मितिः २०८० पौष ४

## निर्णयहरु

**प्रस्ताव नं. ११ : योजनाको सम्बन्धमा ।**

**निर्णयः** गल्छी गाउँपालिकाको आ.ब. २०८०/०८१ को स्वीकृत वार्षिक बजेटको तपसिल बमोजिमको शिर्षकबाट तपसिल बमोजिमको योजनामा भुक्तानी गर्ने निर्णय गरियो ।

**तपसिलः**

| क्र.सं. | योजनाको नाम | भुक्तानी रकम | भुक्तानी हुने शिर्षक | कैफियत |
|---|---|---|---|---|
| १ | वडा कार्यालयको लागि आवश्यक सामग्री खरिद वडा नं २ | १,५०,००० | अन्य सार्वजनिक निर्माण वडा नं २ | ३४,००,००० |
| २ | कौशिल डाँडाँ सरस्वती थान मन्दिर मर्मत तथा संरक्षण | १,५०,००० | | |
| ३ | भुत्याहा धाप नवराज कृषि सिंचाई इनार निर्माण, मोटर र पाइप खरिद | ५०,००० | | |
| ४ | आरुखर्क चौतारो निर्माण | ५०,००० | | |
| ५ | धादिङ आ वि मर्मत | १,५०,००० | अन्य सार्वजनिक निर्माण वडा नं ३ | ८,००,००० |
| ६ | धारापानी खानेपानी मोटर मर्मत तथा मुल सुधार | ५०,००० | | |
| ७ | सामुदायिक भवन मर्मत पोखरीगाउँ | ३०,००० | | |
| ८ | विविध कार्यक्रम खर्च, वडा नं ७ | ५,००,००० | वडा नं ७ को भैपरी आउने खर्च | ५,००,००० |
| ९ | बाटो सरसफाई, वडा नं ४ | ८,७५,००० | अन्य सार्वजनिक निर्माण, वडा नं ४ | १९,००,००० |
| १० | फोहोरमैला व्यवस्थापनको लागि ढुवानी खर्च | १,६२,१५५ | फोहोरमैला व्यवस्थापन, गल्छी गाउँपालिका | १२,००,००० |
| ११ | बाटो सरसफाई वडा नं ५ | ३,५०,००० | अन्य सार्वजनिक, वडा नं ५ | ९,००,००० |
| १२ | कुल देउता मन्दिर निर्माण, वडा नं ४ | ६,००,००० | मागमा आधारित विकास योजना (सडक, खानेपानि, सिंचाई, विद्युत तथा यस्तै प्रकृतिका अन्य कार्यक्रम) | |
| १३ | बाहुन पलाङ आवि गल्छी ६ को भवन मर्मत संभार | ३,००,००० | | |
| १४ | जिन्ठेटार डिप बोरिङ मर्मत खर्च | २,००,००० | | |

**प्रस्ताव नं. १२ : पुरानो गुरुकुल भवनको मर्मत संभारको सम्बन्धमा ।**

**निर्णयः** पुरानो गुरुकुल भवनलाई मर्मत संभारको लागि रकम रु ७,५०,०००। (अक्षरुपी रु सात लाख पचास हजार मात्र ) शिर्षक मागमा आधारित विकास योजना (सडक, खानेपानि, सिंचाई, विद्युत तथा यस्तै प्रकृतिका अन्य कार्यक्रम) बाट विनियोजन गर्ने निर्णय गरियो ।

# गाउँ कार्यपालिका बैठक

**बैठक संख्याः ६, मितिः २०८० पौष ४**

**निर्णयहरु**

**प्रस्ताव नं. १३ : अम्लेश्वर महादेव मन्दिर समितिको रकम माग निवेदन सम्बन्धमा ।**

**निर्णयः** अम्लेश्वर महादेव मन्दिर समितिबाट महादेवको मुर्ति सहितको संरचना निर्माणको लागि रकम रु ६,००,०००। (अक्षरुपी रु छ लाख मात्र) शिर्षक मागमा आधारित विकास योजना (सडक, खानेपानि, सिंचाई, विद्युत तथा यस्तै प्रकृतिका अन्य कार्यक्रम) बाट विनियोजन गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. १४ : बाढी पहिरो पिडितको राहत सम्बन्धमा ।**

**निर्णयः** गाँपालिकाका विभिन्न वडाहरुमा वर्षायाममा आएको बाढी पहिरोका कारण तपसिल बमोजिमको व्यक्तिहरुलाई शिर्षक विपद् व्यवस्थापन कोषबाट तपसिल बमोजिमको रकम राहत स्वरुप वितरण गर्ने निर्णय गरियो ।

| क्र.सं. | वडा नं. | नाम | विवरण | रकम | कैफियत |
|---|---|---|---|---|---|
| १. | १ | गौथी कामी | बाढी/पहिरो | १०,००० | |
| २. | १ | दिनेश राई | बाढी/पहिरो | १०,००० | |
| ३. | १ | राममाया अछामी | बाढी/पहिरो | १०,००० | |
| ४. | १ | विष्णु श्रेष्ठ | बाढी/पहिरो | १०,००० | |
| ५. | १ | रेशम बहादुर मगर | बाढी/पहिरो | १०,००० | |
| ६. | १ | कृष्ण बहादुर पुलामी | बाढी/पहिरो | १०,००० | |
| ७. | ५ | कृष्ण बहादुर भुजेल | बाढी/पहिरो | १०,००० | |
| ८. | ५ | प्रकाश तामाङ | बाढी/पहिरो | १०,००० | |
| ९. | ५ | ईश्वर बहादुर कुवर | बाढी/पहिरो | १०,००० | |
| १०. | ५ | माइली तामाङ | बाढी/पहिरो | १०,००० | |
| ११. | ५ | सुनमाया तामाङ | बाढी/पहिरो | १०,००० | |
| १२. | ५ | सरसस्वती घर्ती भुजेल | बाढी/पहिरो | १०,००० | |
| १३. | ५ | तेज बहादुर तामाङ | बाढी/पहिरो | १०,००० | |
| १४. | ६ | पार्वती पन्थ | बाढी/पहिरो | १०,००० | |
| १५. | ३ | सुमन बयलकोटी | बाढी/पहिरो | १०,००० | |
| १६. | ३ | हरि बयलकोटी | बाढी/पहिरो | १०,००० | |
| १७. | ३ | रिता दर्लामी मगर | बाढी/पहिरो | १०,००० | |
| १८. | ३ | लिला बहादुर मगर | बाढी/पहिरो | १०,००० | |
| १९. | ३ | गञ्जमान श्रेष्ठ | बाढी/पहिरो | १०,००० | |

# गाउँ कार्यपालिका बैठक

**बैठक संख्याः ६, मितिः २०८० पौष ४**

**निर्णयहरु**

**प्रस्ताव नं. १५ : उद्योग शाखाको शिर्षक सिप विकास तालिम कार्यक्रम सम्बन्धमा ।**

**निर्णयः** चालु आब को स्वीकृत वार्षिक बजेटको उद्योग शाखाको शिर्षक सिप विकास तालिम कार्यक्रमबाट सिपमुलक तालिम सञ्चाल स्थानीय कच्चा पदार्थ मकैको खोस्टा, थाकल, गहुँको छवाली, बाँस आदिबाट विभिन्न किसिमका सामग्रीहरु उत्पादन गर्ने र उत्पादित सामग्रीहरुको बजारीकरणको समेत सुनिश्चितता गर्ने गरि कार्यक्रम सञ्चालन गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. १६ : प्रारम्भिक कारबाही गर्ने अधिकारी तोक्ने सम्बन्धमा।**

**निर्णयः** संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं २३० मिति २०८०/०९/०२ को पत्र साथ संलग्न भई आएको मन्त्रीपरिषदको निर्णय अनुसार यस गल्छी गाउँपालिकाको प्रशासनिक भवन निर्माण प्रयोजनको लागि गल्छी गाउँपालिका वडा नं. ६ भित्रबाट गाउँपालिकाको नाममा ०-११-०-३ रोपनी जग्गा प्राप्त गर्ने स्वीकृती प्राप्त भएकोले सो प्रयोजनका लागि जग्गा प्राप्ती ऐन, २०३४ को दफा ५(१) बमोजिम प्रारम्भिक कारबाही चलाउने अधिकारीको रुपमा यस गाउँपालिका गाउँकार्यपालिकामा कार्यरत अधिकृतस्तर सातौं पदका श्री उषा अधिकारीलाई तोक्ने निर्णय गरियो।

**प्रस्ताव नं. १७ : भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको संकलन गरिएको फाराम कम्प्युटर प्रणालीमा प्रविष्टि सम्बन्धमा।**

**निर्णयः** यस गल्छी गाउँपालिकामा राष्ट्रिय भूमि आयोग, जिल्ला समिति धादिङले भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको संकलन गरिएको फाराम समय मै कम्प्युटर प्रणालीमा प्रविष्टि गर्नु पर्ने भनि ताकेता गरेको हुँदा भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको लगत संकलन कार्यविधि, २०७८ को दफा ११ को उपदफा १ बमोजिम प्राप्त भएका निवेदनलाई लगत संकलक र प्रविष्टिकर्ताले तत्कालै कम्प्युटर प्रणालीमा प्रविष्टि गर्नु पर्ने भनिए अनुसार वडा कार्यालयमा कामकाजको चाप बढि भएकाले कार्यालय समय बाहेक अतिरिक्त समयमा कामकाज गर्नु पर्ने भएको हुँदा काम

# गाउँ कार्यपालिका बैठक

## बैठक संख्याः ६, मितिः २०८० पौष ४

## निर्णयहरु

प्रति सकारात्मक धारणा बनाई कामकाज गर्न उत्प्रेरित गर्न प्रति फाराम जनही नियमानुसार कर सहित रु एक सय का दरले रकम दिने निर्णय गरियो ।

**प्रस्ताव नं. १८ः राजस्व सङ्कलन केन्द्रमा भएको राजस्व अनियमितता सम्बन्धमा ।**

**निर्णयः** मिति २०८० असोज २१ गतेको कार्यपालिका बैठकको निर्णय नं २ अनुसार गठित **राजस्व सङ्कलन केन्द्रमा भएको राजस्व अनियमितता सम्बन्धमा छानविन तथा सिफारिस समिति, २०८०** ले मिति २०८० असोज ३० मा पेश गरेको प्रतिवेदनको सिफारिस खण्डमा उल्लेख गरेको कारवाहीलाई स्वीकृत गर्ने निर्णय गरियो ।